नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.: २०८२/०८३

चलानी नं.: १

मितिः२०८२/०४/०१

नेपाल संवत् ११४५

विषयः मतदाता नामावली अद्यावधिक सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

निर्वाचन आयोगको प.सं. २०८१/०८२, च.नं. ९३, मिति २०८२/०३/३० को पत्र मार्फत रुपन्देही जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर ३ मा रिक्त प्रतिनिधि सभा सदस्यको उपनिर्वाचनका लागि आयोगबाट मिति २०८२/०७/१७ गते सोमबार उपनिर्वाचन गर्नेगरी मिति तोकिएको छ। उपनिर्वाचन प्रयोजनका लागि संलग्न अनुसूची-१ बमोजिम सबै जिल्लामा मिति २०८२/०४/१४ गतेदेखि मिति २०८२/०५/२५ गतेसम्म मतदाता नामावली अद्यावधिक (दाबी विरोध) कार्यक्रम, २०८२ सञ्चालन हुने कार्यक्रम कार्यान्वयनको लागि प्रत्येक वडामा सूचना टाँस गर्नुपर्ने, स्थानीय पञ्जिकाधिकारीले आवश्यक समन्वय, सहजीकरणको लागी स्थानीय तहमा पत्राचार गरिदिने भनी लेखि आएको पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..............

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

(मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)

प.सं. च.नं./ Ref: २०८१।०८२।६३

मिति : २०८२/०३/३०

नेपाल संवत् ११४५ दिल्लागा, ४

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४६६९
दर्ता मिति:- ३।२९

विषयः- सहयोग तथा समन्वय सम्बन्धमा।

आयोगको मिति २०८२/०३/१६ गतेको निर्णय बमोजिम रूपन्देही जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर ३ मा रिक्त प्रतिनिधि सभा सदस्यको उपनिर्वाचनका लागि आयोगबाट मिति २०८२/०७/१७ गते सोमबार उपनिर्वाचन गर्नेगरी मिति तोकिएको छ। उपनिर्वाचन प्रयोजनका लागि संलग्न अनुसूची-१ बमोजिम सबै जिल्लामा मिति २०८२/०४/१४ गतेदेखि मिति २०८२/०५/२५ गतेसम्म मतदाता नामावली अद्यावधिक (दाबी विरोध) कार्यक्रम, २०८२ सञ्चालन हुने कार्यक्रम रहेको छ। उक्त कार्यक्रम कार्यान्वयनको लागि प्रत्येक वडामा सूचना टाँस गर्नुपर्ने, स्थानीय पञ्जिकाधिकारीले आवश्यक समन्वय, सहजीकरण गर्नुपर्ने र स्थानीय तहबाट समेत समन्वय तथा सहयोग गर्नुपर्ने भएकाले देहायका विषयमा तहाँ मन्त्रालयबाट सबै स्थानीय तहमा पत्राचार हुने व्यवस्थाका लागि आयोगको मिति २०८२/०३/२९ गतेको निर्णयानुसार अनुरोध छ।

तपसिल

स्थानीय तह तथा स्थानीय पञ्जिकाधिकारीले गर्नुपर्ने कार्यहरूः

क) स्थानीय तहले सहयोग गर्नुपर्ने विषयहरूः

- मतदाता नामावली अद्यावधिक सम्बन्धी कार्यका लागि स्थानीय पञ्जिकाधिकारीलाई तोकिएको समयमा कार्यसम्पादन गर्न निर्देशन गर्ने,
- आफ्नो कार्यालयमा अनुसूची १ टाँस गरी स्थानीय तह भित्रका मतदाताहरूलाई मतदाता नामावली अद्यावधिक कार्यका लागि सूचित गर्ने,
- निर्वाचन कार्यालयबाट माग भएका विवरणहरू समयमै उपलब्ध गराउने।

ख) स्थानीय पञ्जिकाधिकारीले देहायका कार्यसम्पादन गर्नु पर्नेछः

- मतदाता नामावली अद्यावधिक कार्यक्रममा आम नागरिकको सहभागिता वृद्धि गर्नका लागि अनुसूची-१ बमोजिमको सूचना प्रचारप्रसारमा सहयोग गर्ने,
- कार्यक्रम कार्यान्वयनका लागि अनुसूची-१ बमोजिम हुने क्रियाकलापमा आवश्यक सहयोग उपलब्ध गराउने,

- अनुसूची-१ बमोजिम हुने कार्यक्रम सञ्चालन गर्न सूचना सम्प्रेषण गर्ने तथा कार्यक्रम अवधिमा नागरिकहरूलाई अनुसूची फाराम, निवेदन, सूचना, उजुरी अनलाइन मार्फत दर्ता गर्न सूचित गर्ने,
- आफ्नो वडामा दर्ता हुन आएका घटनाहरु मध्ये मृत्यु, बसाइँसराइ, विवाह दर्ता सम्बन्धी विवरण प्रमाणित गरी तोकिएको अवधिभित्र निर्वाचन कार्यालयमा पठाउने,
- निर्वाचन कार्यालयबाट प्राप्त सूचना तथा अनुसूची विवरणहरू आफ्नो कार्यालयको सूचना पाटीमा टाँस गर्ने गरी जानकारी गराउने व्यवस्था मिलाउने।

२०८२।०३।३०

पूर्णबहादुर खत्री

शाखा अधिकृत


कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

अनुसूची-१

(मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ को दफा ४ र दफा १३ सँग सम्बन्धित)

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, .......

## मतदाता नामावली अद्यावधिक कार्यक्रमसम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक कार्य २०८२ साल साउन, भदौ महिनामा देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

<table>
<tr><th>क्र.सं.</th><th>क्रियाकलाप</th><th>देखि</th><th>सम्म</th><th>कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान</th></tr>
<tr><td>१</td><td>आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने</td><td colspan="2">२०८२ साउन १४</td><td>https://www.election.gov.np<br>सूचना प्रविधि शाखा</td></tr>
<tr><td>२</td><td>मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने</td><td rowspan="4">२०८२ साउन १५</td><td rowspan="4">२०८२ साउन २२</td><td rowspan="4">अनलाइन<br>(https://applyvr.election.gov.np)<br>वा निर्वाचन कार्यालय</td></tr>
<tr><td>३</td><td>कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने</td></tr>
<tr><td>४</td><td>कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने</td></tr>
<tr><td>५</td><td>मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने</td></tr>
<tr><td>६</td><td>नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने, बसाईँ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाईँ सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त भएमा हटाउनुपर्ने भए हटाउने र अद्यावधिक गर्नुपर्नेलाई अद्यावधिक गर्ने।</td><td>२०८२ साउन २२</td><td>२०८२ साउन २९</td><td>निर्वाचन कार्यालय र वडा कार्यालय</td></tr>
<tr><td>७</td><td>उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने</td><td>२०८२ साउन ३०</td><td>२०८२ भदौ २</td><td>निर्वाचन कार्यालय</td></tr>
<tr><td>८</td><td>मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने</td><td>२०८२ भदौ ३</td><td>२०८२ भदौ ८</td><td>निर्वाचन कार्यालय</td></tr>
<tr><td>९</td><td>नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा पठाउने</td><td>२०८२ भदौ ९</td><td>२०८२ भदौ १६</td><td>निर्वाचन कार्यालय र वडा कार्यालय</td></tr>
<tr><td>१०</td><td>अन्तिम मतदाता नामावली प्रकाशन गर्ने</td><td colspan="2">२०८२ भदौ २५</td><td>निर्वाचन आयोग</td></tr>
</table>